# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२०/२०७९/०८०

**निर्णय नं. (१)**

प्रस्ताव नं. (१) माथि छलफल गर्दा सहारा नेपाल, Habitat For Humanity International Nepal ले प्रस्ताव गरेको आवासको डिजाइन उपर यस बैठकमा व्यापक छलफल भयो। ट्रिटमेण्ट गरिएको बाँस समेतको प्रयोग गरी वनाउन प्रस्ताव गरिएको २ कोठा वेड रुम, १ कोठा किचन, १ वरण्डा र १ शौचालय सहितको आवासको पूर्वाधार विकास शाखाबाट पेश हुन आएको ड्रइङ/डिजाइन स्वीकृत गरी आर्थिक तथा सामाजिकरुपले कमजोर देखिएका ३ नं. वडाको राजगञ्ज टोलका देहायमा उल्लिखित सबै लाभग्राहीका लागि १२ औं गाउँ सभा अधिवेशनद्वारा विनियोजित **सुरक्षित नागरिक आवास कार्यक्रममा साझेदारी शीर्षकबाट** खर्च व्योहोर्ने गरी उल्लिखित दुवै संस्थासँगको साझेदारीमा आवास निर्माण गरी दिने र सोसँग सम्वन्धित सम्पूर्ण कार्य र समझदारी पत्र **(MoU)**/सम्झौता पत्रमा हस्ताक्षर समेत गर्न गाउँ कार्यपालिकामा निहित अधिकार गाउँपालिकाका अध्यक्ष श्री राजमती इङ्गनामज्यूलाई प्रत्यायोजन समेत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

| क्र.सं. | लाभग्राहीको नामथर | ना.प्र.नं. | कैफियत |
|---|---|---|---|
| १. | रामवनी मुसहर | ३४७०/६७ | |
| २. | खकडी ऋषिदेव | ०५-१२-७५-०००३१ | |
| ३. | कलेश्वर रिषिदेव | ०५३०३४-५५४ | |
| ४. | उतमा मुसहर | ०५२००१/5016 | |
| ५. | सुरज ऋषिदेव | ०५-२०-७९-०२६३३ | |
| ६. | कनैया ऋषिदेव | ०५२०३३/१८७१२ | |
| ७. | अकालु मुसहर | ४०३९/१०३ | |
| ८. | सुनिल मुसहर | ०५-१२-७५-००१०९ | |
| ९. | रोहित कुमार मुसहर | ०५-०२-७२-०१०७० | |
| १०. | बुधनारायण मुसहर | ०५२०३३/4742 | |
| ११. | टिका राम ऋषिदेव | 053033/८९२ | |
| १२. | रमेश ऋषिदेव | ०५२०३३/७७ | |
| १३. | सर्वन ऋषिदेव | ०५२०३३/५७६७ | |
| १४. | सोमनी ऋषिदेव | ०५-१८-७०/00468 | |
| १५. | चन्दनलाल पौदार | ०५२०११/५२२ | २ नं. वडा |
| १६. | फुस्रु ऋषिदेव | ०५२०३३/८८६ | |
| १७. | दयावती कुमारी ऋषिदेव | ०५-१३-७५/००१३५ | |
| १८. | सोनु ऋषिदेव | ०५२०३३/१८७११ | |
| १९. | जाम्री मुसहर | ०५२०३३/५३७० | |
| २०. | कमला ऋषिदेव | ०५२०३३/४७४१ | |
| २१. | लक्ष्मी कुमारी मुसहरनी | ०५-१८-७०/००४३४ | |

मिति २०७९।११।०१ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय

पाना ।।१।।

राजमती इङ्गनाम
अध्यक्ष

| | | | |
|---|---|---|---|
| २२. | पातो ऋषिदेव | ०५-१८-७०/००२६१ | |
| २३. | अमेली मुसहर | ०५३०३३/८७७ | |
| २४. | विजय ऋषिदेव | ०५-०२-७२-०५११५ | |
| २५. | जानुकी ऋषिदेव | ०५-०२-७६/०१५४३ | |
| २६. | फुदना ऋषिदेव | ८४२/१०५७०२१० | |
| २७. | सविता कुमारी रिपिदेव | ०५-०२-७३/०२७१६ | |
| २८. | अमित कुमार ऋषिदेव | ०५-०२-७३-05944 | |
| २९. | रिता कुमारी चौधरी | ६६३/१६ | |
| ३०. | सिता मुसहर | ०५-१८-७०/८०१७४ | |

**निर्णय नं. (२)**

प्रस्ताव नं. (२) माथि छलफल गर्दा नेपाल सरकार, पर्यटन विभागवाट सशर्त अनुदानमा प्राप्त ६ नं. वडाको लक्ष्मीनारायण मन्दिर परिक्रमा पथ निर्माण आयोजनामा गाउँपालिकाको ड्रेन सहितको सडक निर्माण आयोजनामा विनियोजित रकमवाट कार्यपालिकाको पुर्ववत् निर्णयले नाला निर्माण आयोजनाका लागि थप गरिएको दश लाख रुपैंया रकम समेत समावेश गरी कार्यालय भवन पश्चिम तर्फको कल्भर्टभन्दा उत्तर तर्फ नाला निर्माण गरी सो माथि पथ निर्माण गर्न पानी निकासको विगतको स्थिति र भविष्यमा हुनसक्ने स्थिति समेतका वारेमा ६ नं. वडा समितिको अगुवाईमा स्थानीय सरोकारवाला, नागरिकसँग समेत पर्याप्त छलफल गरेर प्राप्त हुन आउने निचोड समेतलाई मध्यनजर गरी आयोजना सञ्चालन प्रकृया अघि बढाउने तथा सोही प्याकेजभित्र गाउँपालिकाको तर्फवाट विनियोजित बजेटबाट खर्च लेख्ने गरी कार्यालय भवन उत्तर तर्फको सेफ्टी ट्यांकी समेत निर्माण गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (३)**

प्रस्ताव नं. (३) माथि छलफल गर्दा नेपाल सरकारको सशर्त अनुदान मार्फत् प्राप्त रवर नर्सरी स्थापना कार्यक्रम र खेतीयोग्य बाँझो जमिनलाई कृषिमा उपयोग कार्यक्रम गाउँपालिकाभित्र सञ्चालनमा लैजानका लागि उक्त कार्यक्रमका सम्वन्धमा सङ्घीय सरकारवाट जारी मार्गदर्शनको सीमाभित्र रही कार्यविधिको मस्यौदा तयार गरी पेश गर्न आर्थिक विकास समितिलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (४)**

प्रस्ताव नं. (४) माथि छलफल गर्दा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम आर्थिक वर्ष २०७८।०७९ मा गाउँपालिकाले प्राप्त गरेको नतिजा (५८.५ अंक) का विषयमा यस वैठकमा जानकारी भयो। उक्त नतिजाले उल्लेख गरेको कमजोर देखिएका क्षेत्रहरुमा सोसँग सम्वन्धित सम्पूर्ण कर्मचारी तथा जनप्रतिनिधिहरुलाई अभिमुखीकृत समेत गर्दै आगामी दिनमा थप परिष्कृत गरी अघि वढ्न कार्यालय, सम्वन्धित सवै समिति, शाखाहरुलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (५)**



राजमती मुसहर
अध्यक्ष

प्रस्ताव नं. (५) माथि छलफल गर्दा जनता आवास कार्यक्रम मार्फत २ नं. वडामा निर्माण गरिने भवनको शिलान्यास कार्यक्रम यही मिति २०७९ साल फागुन ६ गतेका दिन आयोजना गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (६)**

प्रस्ताव नं. (६) माथि छलफल गर्दा १२ औं गाउँ सभा अधिवेशनद्वारा पारित वजेटभित्र ओरेक नेपालसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने भनी रु. ५ लाख वजेट विनियोजन भएकोमा साझेदारीमा उक्त कार्यक्रम सञ्चालनका लागि उल्लिखित संस्थाले योजना शाखा मार्फत् पेश गरेको परियोजना प्रस्ताव र त्यसमा उल्लेख गरिएका क्रियाकलापका विषयमा यस बैठकमा जानकारी भयो। सो सम्वन्धमा उक्त प्रस्तावमा ओरेक नेपालको रु. २,६४,२००।०० र गाउँपालिकाबाट व्योहोर्नुपर्ने रु. ५,००,०००।०० गरी जम्मा रु. ७,६४,२००।०० बराबरको बजेट र कार्यक्रम स्वीकृत गरी कार्यक्रम सञ्चालन प्रकृया अघि बढाउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (७)**

प्रस्ताव नं. (७) माथि छलफल गर्दा सुरक्षित आप्रवासन कार्यक्रम (सामी) विराटनगर महानगरपालिका, रङ्गेली नगरपालिका र उर्लाबारी नगरपालिकासँग समेत मिली एउटै सेवाप्रदायक संस्था मार्फत् सञ्चालन गर्न कार्यपालिकाको निर्णयले विराटनगर महानगरपालिकामा ठेक्का बन्दोवस्त गर्ने अख्तियारी दिएकोमा यावत् कारणले समयमै ठेक्का बन्दोवस्त नहुँदा ठेक्का मार्फत् कार्यक्रम सञ्चालन हुने प्रकृयामा विलम्व हुन गएको विषयमा यस बैठकमा जानकारी भयो। कार्यपालिकाको निर्णय बमोजिम सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्श सेवामा उक्त कार्यक्रम सञ्चालन गरिएकोमा उक्त परामर्श सेवाको अवधि समेत व्यतित हुँदापनि कार्यक्रमको ठेक्का बन्दोवस्त नहुँदा मनोपरामर्श सेवा, बचत परिचालन लगायतका कार्यक्रमले निर्देश गरेको सेवाबाट लाभग्राही नागरिकहरु वञ्चित हुने अवस्थालाई मध्यनजर गरी गाउँपालिकाका अध्यक्षस्तरको निर्णयले पूर्ववत् निर्णय बमोजिम विराटनगर महानगरपालिकाबाट सेवा प्रदायक संस्थाबाट कार्य गर्ने गरी ठेक्का बन्दोवस्त नहुञ्जेलसम्मका लागि सो कार्यक्रम सञ्चालनमा अनुभव हाँसिल गरेका अनुभवी र चिरपरिचित जनशक्तिलाई व्यक्तिगत परामर्श सेवामा व्यवस्था गरी काममा लगाइएकोमा उक्त जनशक्तिहरुलाई योजना शाखाबाट पेश हुन आए बमोजिमको रकम सशर्त अनुदानको सम्वन्धित खर्च शीर्षकबाट भुक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (८)**

प्रस्ताव नं. (८) माथि छलफल गर्दा स्थानीय तहमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका समिति संरचना सम्वन्धमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति, २०६७ (पहिलो संशोधन, २०७६) मा व्यवस्था भएको प्रावधान बमोजिम गठन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (९)**

प्रस्ताव नं. (९) माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०७९।०८० को दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई यही मिति २०७९ साल फागुन १२ गते दिउँसो १.०० वजेदेखि २ नं. वडा कार्यालय, केरौनको प्राङ्गणमा गर्ने व्यवस्था मिलाउन उक्त कार्यक्रमको संयोजन गर्ने जिम्मेवारी लिएको भुल्के मिडिया प्रा.लि. सूचित गर्ने र उक्त कार्यक्रममा सवै जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, सवै विषयगत शाखा प्रमुख, सवै वडा सचिव, सवै स्वास्थ्य संस्था प्रमुख, सवै सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको अनिवार्य उपस्थितिको व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (१०)**

प्रस्ताव नं. (१०) माथि छलफल गर्दा धान, मकै, तोरी र केरा वालीलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा परियोजनाका सम्भागहरु (पकेट, ब्लक, जोन तथा सुपरजोन) मा देहायमा उल्लिखित वडाहरुलाई समावेश गर्न गाउँपालिकावाट सिफारिस गरी पठाउन कृषि विकास शाखालाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

| वालीको नाम | परियोजनाको सम्भाग | वडाहरु |
|---|---|---|
| तोरी | जोन | १, २ र ३ |
| मकै | जोन | २,३,४,५ र ६ |
| धान | ब्लक | २,३ र ४ |
| केरा | पकेट | १,२,५ र ७ |

**निर्णय नं. (११)**

प्रस्ताव नं. (११) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिका क्षेत्रभित्रका सञ्चारकर्मी र सञ्चारमाध्यमहरुलाई गाउँपालिकाको सर्वाङ्गीण विकासमा आवद्ध गर्न एवम् सञ्चारकर्मी र सञ्चारमाध्यमसँग गाउँपालिकाले गर्ने सहकार्य र समन्वयमा दुवै पक्षको भूमिका र जिम्मेवारी लगायतका विषयलाई संस्थागत गर्न सूचना तथा सञ्चार कार्यविधिको मस्यौदा तयार गरी वैठकमा पेश गर्न गाउँ कार्यपालिका मातहतको विधेयक समितिलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (१२)**

प्रस्ताव नं. (१२) माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०७९।०८० का लागि स्वीकृत योजना तथा कार्यक्रमवाट खर्च लेख्ने गरी देहायमा उल्लिखित योजना तथा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | खर्च लेख्ने बजेट शीर्षक | विनियोजित बजेट (रु.) | तत्काल आयोजना सञ्चालन गर्नुपर्ने |
|---|---|---|---|---|



रापती ... अध्यक्ष

१०७८

| | | | | कारण |
|---|---|---|---|---|
| १. | स्वास्थ्य चौकी, होक्लाबारी पुर्व धाद्रा पैनी हुँदै गङ्गाटोल जोड्ने मर्मत, १ नं. वडा | मर्मतसम्भार कोष | रु. २,००,०००।०० | |
| २. | सगरमाथा आधारभूत विद्यालयको घेराबारा, १ नं. वडा | सामुदायिक विद्यालय मर्मतसम्भार | रु. ३,५०,०००।०० | अधुरो घेराबारा पूरा गर्न आवश्यक। |
| ३. | प्रोगेसिप टोलको सिँचाई पैनी मर्मत, ७ नं. वडा | सिँचाई/बाँध/पैनी मर्मतसम्भार | रु.१,५०,०००।०० | |
| ४. | छकमल टोल मंगलबाबा पैनी मर्मत, ५ नं. वडा | सिँचाई/बाँध/पैनी मर्मतसम्भार | रु. ५०,०००।०० | |
| ५. | मानव सेवा आश्रममा रहेका असहायहरुका लागि खाद्यान्न सहयोग | असहाय व्यक्तिलाई संरक्षण, तत्काल राहत तथा उद्दार | रु.१,००,०००।०० | |
| ६. | केरौन खोलामा तटबन्धन (उद्धवबहादुर लिम्बुको घरछेउ) | तटबन्धन | रु. ५०,०००।०० | |
| ७. | मंगलबारे हाटखोला पश्चिमबाट हस्तिनापुर जोड्ने सडक स्तरोन्नती, ६ नं. वडा | मर्मतसम्भार कोष | रु.६,००,०००।०० | |
| ८. | सत्तुबाँध सडक स्तरोन्नती | समपूरक कोष | रु.१,००,०००।०० | २ नं. वडाको सिलिङभित्र विनियोजित बजेटमा साझेदारी गर्ने। |
| ९. | मंगलबारे हाटखोला पूर्व कल्भर्ट मर्मत, ६ नं. वडा | मर्मतसम्भार कोष | रु.१,००,०००।०० | सडक दुर्घटनाको जोखिम न्युनीकरण गर्न। |
| १०. | अधुरो मलामी खाजाघर निर्माण, ५ नं. वडा | समपूरक कोष | रु.१,००,०००।०० | ५ नं. वडाको सिलिङभित्र विनियोजित बजेटमा साझेदारी गर्ने। |
| ११. | सिँचाईको लागि ड्रेन निर्माण, (बहत्तरविघे टोलको नन्दलालको जमिन छेउ) | सिँचाई/बाँध/पैनी मर्मतसम्भार | रु.१,५०,०००।०० | |
| १२. | लिलमुनी कर्मकारको आवास निर्माण, १ नं. वडा | असहाय व्यक्तिलाई संरक्षण, तत्काल राहत तथा उद्दार | रु.१,००,०००।०० | असहाय तथा एकल महिला रहनु भएकोमा निजको तत्काल संरक्षण गर्नुपर्ने भएकाले। |
| १३. | हरिण चौरीमा खेल मैदान मर्मत, ७ नं. वडा | मर्मतसम्भार कोष | रु.७०,०००।०० | |
| १४. | लालबहादुर श्रेष्ठको घरबाट हस्तिनापुर जोड्ने सडक मर्मत, ४ नं. वडा | | रु.२,००,०००।०० | |

प्रमुख प्रशासकीय अधिकृत



कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, मोरङ



राजमती झङ्गनाम
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १५. | रिमालचोकबाट पश्चिम हस्तिनापुर जोड्ने सडक स्तरोन्नती | मर्मतसम्भार कोष | रु. २,००,०००।०० |
| १६. | थानटोली बाल विकास केन्द्रको छाना निर्माण, २ नं. वडा | सामुदायिक विद्यालय मर्मतसम्भार | रु.५०,०००।०० |
| १७. | पञ्चज्योति आधारभूत विद्यालय, ६ नं. वडामा बिजुलीबत्ती तथा वायरिङ | सामुदायिक विद्यालय मर्मतसम्भार | रु.१७,०००।०० |
| १८. | बुद्धचोक दक्षिण कुलो मर्मत, ६ नं. वडा | सिंचाई/बाँध/पैनी मर्मतसम्भार | रु.१,००,०००।०० |
| १९. | वृद्धवृद्धा चौतारीमा अत्यावश्यक सामाग्री जडान एवम् व्यवस्थापन, ७ नं. वडा | ज्येष्ठ नागरिकको रुचि र मागका आधारमा कार्यक्रम सञ्चालन | रु.१,००,०००।०० |
| २०. | राधाकृष्ण टोलको गयल कोचेनी खोलाको पुलछेउमा रहेको विश्रामालय व्यवस्थापन, १ नं. वडा | मर्मतसम्भार कोष | रु.२,००,०००।०० |
| २१. | शिक्षा सदन माविको उत्तर तर्फबाट प्रणामी मन्दिर जाने सडक स्तरोन्नती | ड्रेन सहितको सडक स्तरोन्नती आयोजना | रु. ५००,०००।०० |
| २२. | गाउँपालिकाको सवारीसाधन मर्मत बिलको भुक्तानी गर्ने: | | |

| सवारीसाधन नम्बर | मर्मत गर्ने संस्थाको नाम र कर बिजक नं. | भुक्तानी गर्नुपर्ने रकम |
|---|---|---|
| बा १ झ ८४८३ | आशिष सर्भिसिङ सेण्टर, कर बिजक नं. ४८१ | रु. ८४,०६९।७४ |
| बा १ झ ८४८३ | आशिष सर्भिसिङ सेण्टर, कर बिजक नं. ४८२ | रु. १,२३१।७० |
| को १ झ ५५७ | आशिष सर्भिसिङ सेण्टर, कर बिजक नं. ४८७ | रु. ७१,६९७।३७ |
| को १ झ ५५७ | आशिष सर्भिसिङ सेण्टर, कर बिजक नं. ४७९ | रु. ३७,७९३।९८ |
| बा १ झ ८४८३ | आशिष सर्भिसिङ सेण्टर, कर बिजक नं. ४८९ | रु. ८,१३६।०० |
| शव वाहन | आशिष सर्भिसिङ सेण्टर, कर बिजक नं. ४९० | रु. ४,७८८।९४ |
| को १ झ ५५७ | सुगम ट्रेडर्स, कर बिजक नं. १५६ | रु. १९,११९।०० |
| बा १ झ ८४८३ | सुगम ट्रेडर्स, कर बिजक नं. १५५ | रु. ९,६३८।९० |
| को १ झ ५५७ | सरु सर्भिसिङ सेण्टर, कर बिजक नं. ३५५ | रु. ४०,३४३।२६ |
| को १ झ ५५७ | सरु सर्भिसिङ सेण्टर, कर बिजक नं. ३५७ | रु. १८,०८०।०० |
| को १ झ ५५७ | सरु सर्भिसिङ सेण्टर, कर बिजक नं. ३५८ | रु. ७२,९२६।०० |



राजमती ... अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २१. | देहायका स्थानमा झोलुङ पुल निर्माणका लागि संघीय एवम् प्रदेश सरकारका सम्बन्धित निकायमा आयोजना माग गर्ने:<br>क. डाँसखोला (सीताधाप), ६ नं. वडा<br>ख. डाँसखोला (पिडडाँडा), ४ नं. वडा<br>ग. चिसाङखोला (बोहोराटोल), २ नं. वडा<br>घ. कडियाखोला (ऋषिदेवटोल), ३ नं. वडा<br>ङ. पच्छापैनी, ३ नं. वडा<br>च. थानटोली (ऋषिदेववस्ती), २ नं. वडा<br>छ. ६ र ७ को सीमाको दही खोला<br>ज. कोचेनीखोला (ढिकटोल), १ नं. वडा<br>झ. ५ र ६ को सीमाको कालीकोशी खोला<br>ञ. कोचेनीखोलामा ट्रष्ट ब्रिज निर्माण, (बीरटोल), १ नं. वडा<br>ट. दहीखोलामा ट्रष्ट ब्रिज, ७ नं. वडा<br>ठ. सुकुनाखोलामा ट्रष्ट ट्रष्ट ब्रिज, ७ नं. वडा | | | |

<u>निर्णय नं.</u> (१३)

प्रस्ताव नं. (१३) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिका, ६ नं. वडा बस्ने टंकप्रसाद/भद्रकुमारी पाठकले भोगचलन गर्दै आएको कानेपोखरी ६क. को कित्ता नं. २२९ को क्षेत्रफल ११२९.६९ वर्गमिटरको जग्गा नापजाँच कार्य सम्पन्न भई अव्यवस्थित बसोवासी रहेको देखिन आएकोमा निजहरुको संयुक्त नाममा जग्गा प्रासिको व्यवस्था मिलाई दिन श्री राष्ट्रिय भूमि आयोग, जिल्ला समिति, मोरङमा सिफारिस गरी पठाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

मिति २०७९।११।०१ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय



राजमती पुङ्गनाम
अध्यक्ष